# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, वैशाख १० गते, २०८३ साल (अतिरिक्ताङ्क १


## भाग ५

### नेपाल सरकार

### भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको

### सूचना

**संवत् २०८३ सालको कार्यविधि (नेराप) नम्बर १**

**समस्याग्रस्त सहकारी संस्थाका सदस्यको बचत फिर्ता चक्रीय कोष स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८३**

**प्रस्तावना :** समस्याग्रस्त सहकारी संस्थामा रकम जम्मा गरेका बचतकर्ताको बचत रकमलाई प्राथमिकतामा राखी फिर्ता गर्न सहकारी ऐनको दफा १०८क. मा भएको व्यवस्था, आ.व. २०८२/८३ को नेपाल सरकारको नीति तथा कार्यक्रमको बुँदा नं. २३ तथा बजेट

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वक्तव्यको बुँदा नं. ६१, सम्मानित सर्वोच्च अदालतबाट जारी भएको २०८२/१०/११ को आदेश (मुद्दा नं ०८०-WO-०५४१) र नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२।१२।१३ को बैठकबाट स्वीकृत एक सय कार्यसूचीहरूको बुँदा नं. ९९ मा भएको व्यवस्थालाई कार्यान्वयन गरी समस्याग्रस्त सहकारी संस्थाका सदस्यलाई तत्काल बचत रकम उपलब्ध गराउन समस्याग्रस्त सहकारी व्यवस्थापन समिति अन्तर्गत रहने गरी चक्रीय कोष स्थापना तथा सञ्चालन गर्न नेपाल सरकार, मन्त्रिपरिषद्ले यो कार्यविधि बनाएको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "समस्याग्रस्त सहकारी संस्थाका सदस्यको बचत फिर्ता चक्रीय कोष स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि नेपाल राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "एकाघरका परिवार" भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालनपोषण गर्नुपर्ने दाजु, भाउजु, भाइ बुहारी र दिदी बहिनी तथा बाजे बज्यैलाई सम्झनुपर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर सो शब्दले अंशवण्डा गरी मानो छुट्टिई आ-आफ्नो पेसा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन।

(ख) "ऐन" भन्नाले सहकारी ऐन, २०७४ लाई सम्झनु पर्छ।

(ग) "कोष" भन्नाले दफा ३ बमोजिमको चक्रीय कोष सम्झनु पर्छ।

(घ) "नियमावली" भन्नाले सहकारी नियमावली, २०७५ लाई सम्झनु पर्छ।

(ङ) "प्राधिकरण" भन्नाले ऐनको दफा १०३क. बमोजिम स्थापना भएको राष्ट्रिय सहकारी नियमन प्राधिकरण सम्झनुपर्छ।

(च) "बचतकर्ता" भन्नाले समस्याग्रस्त घोषणा भएका सहकारी संस्थामा बचत रकम मौज्दात रहेका बचतकर्तालाई सम्झनु पर्छ।

(छ) "बचत रकम" भन्नाले नेपाल सरकारले समस्याग्रस्त घोषणा गरेको मितिभन्दा अघिल्लो दिनसम्म बचतकर्ताबाट सहकारीमा जम्मा भएको बचत रकम सम्झनुपर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) "मन्त्रालय" भन्नाले नेपाल सरकारको सहकारी विषय हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(झ) "समिति" भन्नाले ऐनको दफा १०५ बमोजिम गठन भएको समस्याग्रस्त सहकारी व्यवस्थापन समिति सम्झनु पर्छ।

(ञ) "संस्था" भन्नाले ऐनको दफा १०४ बमोजिम मन्त्रालयले समस्याग्रस्त संस्थाको रुपमा घोषणा गरेका सहकारी संस्था सम्झनु पर्छ।

(ट) "साना बचतकर्ता" भन्नाले समस्याग्रस्त घोषणा भएका सहकारी संस्थामा पाँच लाख रूपैयाँसम्म बचत रकम मौज्दात रहेका बचतकर्तालाई सम्झनु पर्छ।

## परिच्छेद-२

## कोष स्थापना, व्यवस्थापन तथा परिचालन

३. **कोष स्थापना र व्यवस्थापन** : (१) मन्त्रालयबाट समस्याग्रस्त घोषणा भई समितिबाट सम्पत्ति व्यवस्थापन र दायित्व भुक्तानीसम्बन्धी कार्य भइरहेका सहकारी संस्थाका बचतकर्ताको बचत रकम फिर्ता गर्ने प्रयोजनका लागि समितिमा एक चक्रीय कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) संस्थाको सम्पत्ति, बचत, कर्जा वा शेयर रकम अपचलन वा हिनामिनामा संलग्न सञ्चालक, लेखा समिति, व्यवस्थापक, ऋण उपसमिति र त्यस्तो कार्य गर्ने अख्तियार प्राप्त व्यक्ति तथा जिम्मेवार व्यक्तिहरूको सम्पत्ति लिलाम बिक्री तथा निजहरूबाट असुल भएको रकम,

(ग) सम्बन्धित सहकारी संस्थाबाट सोधभर्ना फिर्ता रकम,

(घ) अन्य श्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) बमोजिम प्राप्त हुने रकम समितिले "क" वर्गको वाणिज्य बैङ्कमा कोषको छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ र सो को छुट्टा-छुट्टै अभिलेख राख्नु पर्नेछ।

(४) उपदफा (२) को खण्ड (ख) बमोजिमको सम्पत्ति बिक्रीबाट बचतकर्ताको रकम फिर्ता गर्न नपुग हुने भएमा त्यस्ता परिवारको कुनै सदस्यले अंशवण्डा गरी वा सम्बन्ध बिच्छेद गरी अन्य कुनै कारणबाट सम्पत्ति हस्तान्तरण वा कम्पनीहरूमा लगानी गरेको अवस्थामा समितिले त्यस्तो सम्पतिसमेत रोक्का तथा लिलाम बिक्री गर्न सक्नेछ।

(५) कोषको खाता सञ्चालन समितिको सदस्य-सचिव र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

४. **लगत सङ्कलन** : समितिले बचतकर्ताको बचत फिर्ता गर्नु अघि देहाय बमोजिम गर्नु पर्नेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) बचतकर्ता, बचतकर्ताको मागदावी रकम र कोषमा रहेको रकमको मौज्दातलाई समेत हेरी बचतकर्ताको नामनामेसी र रकमसहितको विवरण खुल्ने गरी ऐनको दफा १०७ बमोजिमको लगत तयार गर्ने,

(ख) खण्ड (क) बमोजिम बचतकर्ताको मागदाबी सङ्कलनका लागि सार्वजनिक सूचना जारी गरी देहायका कागजात र विवरण लिने :-

(१) नागरिकताको प्रमाणपत्र,

(२) शेयर प्रमाणपत्र वा शेयर सदस्यता नम्बर खुलेको प्रमाण,

(३) स्थायी लेखा नम्बर,

(४) राष्ट्रिय परिचयपत्र वा त्यस्तो नम्बर खुलेको विवरण,

(५) बचत रकम, ब्याजदर, फिर्ता लिएको रकम र फिर्ता पाउनु पर्ने खुद रकम,

(६) बैङ्क खाता नम्बर र बैङ्कको नाम,

(७) संस्थालाई कुनै ऋण चुक्ता गर्न बाँकी भए, नभएको र भएको भए सो रकम,



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) एक भन्दा बढी संस्थामा बचत भए नभएको, भएको भए सो को विवरण।

## परिच्छेद-३

## बचत फिर्ता र सोधभर्ना प्रक्रिया

**५. बचत फिर्ता प्रक्रिया :** (१) समितिले कोषमा जम्मा भएको रकम सम्बन्धित संस्थाबाट सोधभर्ना लिने गरी अभिलेख राखी सहकारी ऐन, २०७४ को दफा ११२क. बमोजिम दाबी निवेदन पेस गरेका बचतकर्ताको बैङ्क खातामार्फत दोहोरो नपर्ने गरी बचत फिर्ता गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बचत फिर्ता गर्दा सहकारी संस्था समस्याग्रस्त घोषणा भएको मितिको अघिल्लो दिनसम्मको सहकारीबाट प्राप्त विवरण, अभिलेख वा कम्प्यूटर प्रणालीमा देखिएको मौज्दात रकमलाई आधार मानिनेछ।

(३) सम्बन्धित सहकारीबाट ऋण लिएका बचतकर्ताले उक्त ऋण चुक्ता नगरेसम्म निजहरूको बचत रकम फिर्ता गरिने छैन।

(४) कानून बमोजिम मागदाबी गरेका बचतकर्ताहरूको दायित्व फरफारक नभएसम्म सम्बन्धित संस्थाका सञ्चालक, व्यवस्थापक, निजहरूको एकाघर परिवारका बचतकर्ता सदस्यहरू र अपचलन वा दुरूपयोगमा संलग्न व्यक्तिहरूको बचत रकम फिर्ता गरिने छैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) बचत फिर्ताको मागदाबीको मुद्दा अदालतमा विचाराधीन रहेको देखिएमा मुद्दाको अन्तिम किनारा नलागेसम्म त्यस्ता बचतकर्ताको बचत रकम फिर्ता गरिने छैन।

(६) बचतकर्ताको मृत्यु भएमा वा पत्ता नलागेमा निजको प्रचलित कानून बमोजिमको हकवालालाई प्रमाणका आधारमा बचत रकम फिर्ता गरिनेछ।

(७) समितिले बचत रकम फिर्ता गर्दा समितिको निर्णयबाट साना बचतकर्तालाई बचत फिर्ता गर्न प्राथमिकता दिन सक्नेछ। बचतकर्तामध्ये एकल महिला, साठी वर्षभन्दा माथिका जेष्ठ नागरिक, दलित तथा आदिवासी जनजाति समुदाय र अपाङ्गता भएका व्यक्तिहरूलाई प्राथमिकता दिइनेछ।

(८) संस्थाका बचतकर्तालाई चक्रीय कोषबाट दिइने रकमको व्यवस्थापन, बचत फिर्ता प्रकृया र गुनासा लगायतका विषयमा मन्त्रालयले अनुगमन गर्न सक्नेछ।

(९) सङ्घीय तहको एकभन्दा बढी समस्याग्रस्त सहकारी संस्थामा बचत रहेका बचतकर्ताहरूलाई कुनै एउटा संस्थाको तर्फबाट मात्र रकम फिर्ता गरिनेछ।

(१०) बचतकर्ताको बचत फिर्ता गर्दा सबै बचत रकम फिर्ता गर्न रकम अपर्याप्त भएमा समितिले निर्णय गरी कोषमा रहेको रकमलाई दामासाहीले वितरण गर्न सक्नेछ।

(११) कुनै सहकारीका सम्बन्धित ऋणी र बचतकर्ताले हिसाबमिलान गरी मेलमिलाप गर्न सहमत भई समितिमा निवेदन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दिएमा ऋण र बचतको हिसाब मिलान गरी फरफारक गर्न सकिनेछ।

(१२) यस दफा बमोजिम समितिले कोषबाट बचत फिर्ता गर्दा सम्बन्धित संस्थाको नाममा सापटी जनाई सो को अभिलेख राख्नु पर्नेछ।

६. **सम्पत्ति तथा बैङ्क खाता रोक्का** : यस दफा बमोजिम समितिले बचतकर्तालाई रकम फिर्ता गर्नु अघि सम्बन्धित समस्याग्रस्त सहकारी संस्थाका सञ्चालक, व्यवस्थापक, लेखा समिति, ऋण उपसमिति र अन्य जिम्मेवार व्यक्ति र निजहरूको एकाघर परिवारका बचतकर्ता सदस्य र अपचलन वा दुरूपयोगमा संलग्न व्यक्तिहरूको सम्पत्ति र बैङ्क खाता रोक्का राख्नु पर्नेछ।

७. **छुट्टै हिसाब राख्ने** : (१) बचतकर्ताको बचत रकम फिर्ता गर्दा प्रत्येक संस्थाको कर्जा असुली, संस्था सम्बद्ध सम्पत्तिको लिलाम बिक्री तथा व्यवस्थापनबाट प्राप्त रकमको छुट्टै हिसाब राखी त्यस्तो रकम सम्बन्धित संस्थाका बचतकर्तालाई मात्र फिर्ता गर्नु पर्नेछ।

(२) नेपाल सरकारबाट कोषमा प्राप्त रकमको छुट्टै हिसाब राखी प्रचलित कानून बमोजिम लेखापरीक्षण गर्नु गराउनु पर्नेछ।

८. **सोधभर्ना सम्बन्धी व्यवस्था** : (१) समितिले ऐनको दफा १०६ बमोजिम सम्बन्धित संस्थाबाट ऋण असुली, सम्पत्ति बेचबिखन, लिलाम बिक्री र सञ्चालक, व्यवस्थापक एवं अन्य सम्बन्धित व्यक्तिबाट असुल उपर भएको रकममध्ये संस्थाको नाममा सापटी उपलब्ध गराएको रकम सोधभर्ना गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) बचतकर्तालाई उपलब्ध गराइएको रकम सम्बन्धित समस्याग्रस्त सहकारी संस्थाबाट शोधभर्ना वा असूल उपर हुन नसकेमा सम्बन्धित संस्थाका सञ्चालक, व्यवस्थापक, निजहरूको एकाघर परिवारका सदस्यहरू र अपचलन वा दुरूपयोगमा संलग्न व्यक्तिहरूबाट सरकारी बाँकी सरह दामासाहीले असूल उपर गरिनेछ।

## परिच्छेद-४

## विविध

९. **मार्गदर्शनको रूपमा रहने** : यो कार्यविधि प्रदेश सरकार र स्थानीय तहको लागि समेत मार्गदर्शनको रूपमा रहनेछ। प्रदेश र स्थानीय तहको कार्यक्षेत्रभित्र रहेका सहकारी संस्थाहरूको हकमा तत् तत् निकायले यस्तो कोष स्थापना गरी बचत फिर्ता सम्बन्धी काम कारबाही अघि बढाउन सक्नेछन्।

१०. **प्रतिवेदन गर्नु पर्ने** : यस कार्यविधि बमोजिमको कार्य प्रगतिको आम्दानीको स्रोत र बचत फिर्ताको मासिक विवरण समितिले प्राधिकरण र मन्त्रालयसमक्ष पेश गर्नु पर्नेछ।

११. **समितिले निर्धारण गर्न सक्ने** : बचतकर्ताको बचत रकम मागदावी गर्ने आवेदन र कार्यसम्पादनका लागि आवश्यक पर्ने फारामको ढाँचा, समय सीमा, गुनासो सुनुवाई, निर्णय प्रक्रिया, विशेष अवस्थाका बचतकर्ताका लागि गरिनु पर्ने व्यवस्था लगायतका अन्य प्रक्रिया, मापदण्ड तथा प्राथमिकता निर्धारण गर्ने कार्य समितिले गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. **<u>बाधा अड्काउ फुकाउने अधिकार</u>** : यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा भएमा समितिको सिफारिसमा बाधा अड्काउ फुकाउने अधिकार मन्त्रालयलाई हुनेछ।

**आज्ञाले,**
**मदन भुजेल**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग, सिंहदरबार



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. १५।-**
**गो.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।